# आ.व. ०८२/०८३ को बार्षिक समिक्षा कार्यक्रम


# रिब्दीकोट गाउँपालिकाको समग्र प्रगती प्रतिवेदन प्रस्तुती

प्रस्तुतकर्ता
सुरेश भुसाल
प्रमुख प्रशासकीय अधिकृत

# गाउँपालिकाको प्रतिक चिन्ह (LOGO)

# गाउँपालिकाको प्रशासकीय भवन






स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**क्षेत्रफल** — १२४.५५ वर्ग कि.मि.

15,473

**घरधुरी** — 4,402

**गाउँपालिकाको केन्द्र** — खस्यौली

**साक्षरता** — ८०.६ प्रतिशत
जसमा पुरुष ८८.६% र महिला ७४.१० %

ख्याहा, देउरालि, खस्यौलि, भैरबस्थान, कुसुमखोला, ठिमुरे, पालुङमैनादी र फेक

# रिब्दीकोट गाउँपालिकाको समग्र मूल्याङ्कन

मुल्याङ्कन

आव
०८१/०८२
बेरुजु
०
(समपरिक्षण पश्चात)


आ.व.
०८१/०८२
बित्त आयोग मुल्याङ्कन
६९.९४

आ.व.
०८१/०८२
LGPAS:
९७

# वार्षिक  बजेट र खर्च

| बजेट रु | | खर्च रु | | जम्मा खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|
| चालु | रु ३८,७९,४८,२३२.०० | चालु | रु ३५,४६,६२,२७३.६९ | चालु | ९१.४२ % | |
| पूँजिगत | रु १५,७९,४५,०००.०० | पूँजिगत | रु १३,०९,६७,९९४. | पूँजि | ८२.९२ % | |
| जम्मा | रु ५४,५८,९३,२३२.०० | जम्मा | रु ४,८५,५१,७४४०.५४ | जम्मा | ८८.९४ % | |

# राजश्व संकलन विवरण
## (आ.व. २०७८/७९ देखि २०८२/८३ सम्म)




| | ०७८/०७९ | ०७९/८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ |
|---|---|---|---|---|---|
| लक्ष्य | 5720000 | 6220000 | 7377500 | 8300000 | 9300000 |
| प्राप्ति | 6290749 | 8621253 | 10687765 | 10274990 | 10315892 |

# वडागत बजेट र खर्च विवरण (आ.व. २०८२/८३)

| वडा | बिनियोजित बजेट | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|
| वडा नं १ | रु ५५०००००० | ८३.६८ % | न्यून (औषत भन्दा माथी) |
| वडा नं २ | रु ५५०००००० | ८९.६२ % | |
| वडा नं ३ | रु ५५०००००० | ९७.५३ % | |
| वडा नं ४ | रु ५५०००००० | ९८.३४ % | उत्कृष्ट |
| वडा नं ५ | रु ५०००००००० | ८५.५६ % | |
| वडा नं ६ | रु ५८०००००० | ९०.८१ % | |
| वडा नं ७ | रु ५६०००००० | ८५.४७ % | |
| वडा नं ८ | रु ६१०००००० | ८८.२१ % | |

# वार्षिक राजश्व लक्ष्य र प्रगति विवरण (आ.व. २०८२/८३)

| संकलन केन्द्र | लक्ष्य | प्रगति | प्रगति प्रतिशत (समग्र लक्ष्यको तुलनामा) | कैफियत |
|---|---|---|---|---|
| पालिका संकलन केन्द्र | रु ९३०००००० | रु ५०,७६,५७१ | ५४.५९% | सामान्य |
| वडा नं १ को कार्यालय | | रु ४,५३,२४४ | ४.८७% | न्यून |
| वडा नं २ को कार्यालय | | रु ५,१७,३५२ | ५.५६% | सामान्य |
| वडा नं ३ को कार्यालय | | रु ५,०४,७४४ | ५.४३% | सामान्य |
| वडा नं ४ को कार्यालय | | रु २०,५७,८२० | २२.१३% | उत्कृष्ट |
| वडा नं ५ को कार्यालय | | रु ३,२१,८०६ | ३.४६% | अति न्यून |
| वडा नं ६ को कार्यालय | | रु ५,२९,६७३ | ५.७०% | सामान्य |
| वडा नं ७ को कार्यालय | | रु ४,८७,८१० | ५.२५% | सामान्य |
| वडा नं ८ को कार्यालय | | रु ३,६६,३४६ | ३.९४% | न्यून |
| | जम्मा | रु १,०३,१५,८१२ | ११०.९२% | सन्तोषजनक |

# बेरुजु र समपरिक्षणको अवस्था

| आ.व | कुल बेरुजु (म.ले.प. अन्तिम प्रतिवेदन) | हाल सालै समपरिक्षण पछि फर्चौट | कैफियत |
|---|---|---|---|
| आ.व. ०७७/०७८ सम्मको बेरुजु | रु ८,०२,९५,०००/- | | |
| आ.व. ०७७/०७८ | रु ७२,९०,०००/- | रु २,१८,५८,२६५/- | |
| आ.व. ०७८/०७९ | रु २,२४,७१,०००/- | रु २०,६४,५३३/- | |
| आ.व. ०७९/०८० | रु ९३,८६,०००/- | रु २९,८६,३७६/- | |
| आ.व. ०८०/०८१ | रु ६२,९२,५८६ /- | रु ५४,३४,९६३/- | |
| आ.व. ०८१/०८२ | रु ५२,६५,६४६/- | रु ५२,६५,६४६/- | सुन्य बेरुजु वर्ष |
| **जम्मा** | रु १४,४३,५७,५३९/- | रु ३,८६,०९,७८३/- | |
| समपरिक्षण पछि हाल सम्म बाँकी बेरुजु | रु १०,५७,४७,७५६/- | | |

# मुख्य मुख्य उपलब्धीहरु (कृषि विकास तर्फ)

- व्यवसायिक अकबरे खुर्सानी खेतीबाट ३०८.७ टन भन्दा माथी उत्पादन भइ गत आवमा ७.७५ करोडको आम्दानि गाउँपालिकामा भित्रीएको छ ।
- टमाटर खेतीबाट गत आवमा ७ करोडको आम्दानि गाउँपालिकामा भित्रीएको छ ।
- सुन्तला खेतीबाट गत आवमा ६ करोडको आम्दानि गाउँपालिकामा भित्रीएको छ ।
- विभिन्न मोसमी तथा बेमोसमी तरकारी खेतीबाट गत आवमा ३ करोडको आम्दानि गाउँपालिकामा भित्रीएको छ ।
- काँक्रा खेतीबाट गत आवमा १ करोडको आम्दानि गाउँपालिकामा भित्रीएको छ ।
- विभिन्न प्रकारका फलफुल खेतीबाट रु २ करोड आम्दानि गाउँपालिकामा भित्रीएको छ ।
- यसरी कृषि उत्पादन तर्फ जम्मा रु २६ करोडको आम्दानी गाउँपालिकामा भित्रीएको छ ।
- ४०० भन्दा बढी घरधुरीले व्यावसायिक मौरी पालन व्यवसाय सञ्चालन गरी आम्दानी गरेका छन् ।
- कृषि औजार तथा उपकरण सहयोग मार्फत कृषि क्षेत्रमा उत्पादन तथा उत्पादकत्व वृद्धि भई आय आर्जनमा वृद्धि भएको छ ।

# मुख्य मुख्य उपलब्धीहरु (पशु विकास तर्फ)

- दुध उत्पादनबाट रु ३ करोड ६५ लाखको आम्दानी गाउँपालिकामा भित्रीएको छ ।
- खसी बोका लगायत मासुजन्य उत्पादनबाट रु ११ करोड ६५ लाख आम्दानी गाउँपालिकामा भित्रीएको छ ।
- वंगुरको मासु उत्पादनबाट रु १ करोड ९३ लाख आम्दानी गाउँपालिकामा भित्रीएको छ ।
- कुखुराजन्य लगायत अण्डा उत्पादनबाट रु ३ करोड १७ लाख आम्दानी गाउँपालिकामा भित्रीएको छ ।
- यसरी पशुजन्य उत्पादनबाट रु २० करोड ४० लाख आम्दानी गाउँपालिकामा भित्रीएको छ ।

# मुख्य मुख्य उपलब्धीहरु (पूर्वाधार तर्फ)

- हार्थोक छहरा मोटर बाटो अन्तर्गत खौडेली देखि गाउँपालिका सम्मको Asphalt पिचको काम गाउँपालिकाको बजेटबाट सम्पन्न भएको छ भने गोहदी देखि बतासेसम्मको बाटोमा पुरानो पिच निकालेर नयाँ बेस राखी यातायात सहज बनाउने कार्यसम्पन्न भएको छ ।
- कन्टीपोखरा देउराली वरपोखरा शान्तीचौर जोगिथुम सातमुरे मोटरबाटो कार्य सम्पन्न भएको छ।
- भैरवस्थान भारकोट मजुवा पोरक्नी हुदैँ वडा कार्यालय सम्म मोटरबाटो रु.१ करोड बिियियोजन भएकोमा कार्य सम्पन्न भएको छ।
- जलेश्वर पर्यटन प्रवर्धन को लागि रु. २ करोड ३० लाख संघीय समपुरक अन्तरगत बजेट बिियियोजन भएकोमा कार्य सम्पन्न भएको छ।
- कुसुमखोला वडा भवन निर्माण को लागि रु. १ करोड ५६ लाख मा टेन्डर भएकोमा कार्य सम्पन्न भएको छ।
- ख्याहा स्वास्थ्य चौकी भवन निर्माणाधिन रहेको छ।

# कार्यक्रम संचालनमा आईपरेका (समग्र) समस्याहरु (बुँदागत)

- अधिकृतस्तरका ५ जना र सहायकस्तरका तर्फ थुप्रै पद रिक्त हुनु।
- तोकिए वमोजिम O&M सर्भे भई कार्यान्वयन हुन नसक्नु।
- अनुदानहरु मागमा आधारित भए, उत्पादनमा आधारित भएनन्, सदुपयोग भए नभएको एकिन हुन सकेन।
- लाभग्राही पहिचानको समस्या।
- वितरणमुखी कार्यक्रम, सबैलाई समेट्नेमा जोड
- पशु सेवा तर्फ ल्याब, उपकरण, औषधी र उपचार सेवा पुर्याउन बजेट अपर्याप्त।
- धैरै टुक्रे योजना भएकोले कार्यान्वयनमा समस्या।
- उपभोक्ता समिति प्रभावकारी नहुनु, उपभोक्ताले ठेकेदार खोज्ने प्रवृत्ति।

# कार्यक्रम संचालनमा आईपरेका (समग्र) समस्याहरु (बुँदागत)

- मुल्यवृद्धिका कारण योजना कार्यान्वयनमा समस्या ।
- विद्यालय समायोजन र दरवन्दी मिलान गर्नु नसक्नु ।
- नियमित विद्यालय अनुगमन, सुपरिवेक्षण र गुणस्तर सुधार
- सहकारी नियमन निश्क्रिय प्राय ।
- पूर्णरुपमा ICT मैत्री कार्यालय वनाउन सकिएन ।
- राजश्व सम्वन्धी समस्या ।
- आर्थिक वर्षको अन्त्यमा मात्र काम गर्ने प्रवृत्ति ।
- Cold Store अलपत्र ।

# समस्या समाधानका उपायहरु (बुँदागत)

- पदपुर्तीका लागी लोकसेवा आयोगमा माग पठाईएको ।
- O&M survey को काम भईरहेको ।
- उत्पादनमा आधिरित अनुदान वितरणलाई प्राथमिकता ।
- पशु सेवा तर्फ औषधि, ल्याब, उपचारसेवामा वजेट थप गर्नुपर्ने ।
- टुक्रे योजनालाई निरुत्साहित गर्दै जाने ।
- उ.स.लाई अभिमुखिकरण गरि समयमै कार्य सम्पन्न गराउनेमा जोड ।
- सहकारी दर्ता र नियमनमा थप जनशक्ती, थप स्रोतसाधन र अभिमुखीकरण ।
- Cold Store संचालनका लागि संघिय सरकार सँग अनुरोध ।
- राजश्वको दायरा वृद्धि गरी कार्यान्वयनमा एकरुपताको लागि अभिमुखीकरण ।

# तस्विरहरु (मुख्य उपलब्धी)

कृपया

# ISO 9001:2015 Certified पालिका निर्माण तर्फ










मल्चिंग प्लास्टिकको प्रयोग गरि अकबरे खुर्सानी खेति






# स्थाई तथा अस्थाइ टनेल निर्माण





# जैविक मल कारखाना


Report


अमृत बुटी जैविक मल
तितेपाती र पहाडी झारपात बाट निर्मित
गर्ने विधि
जोत्नु भन्दा पहिले
२५ के.जी
४० के.जी
गरिएको ब्याक्टेरिया:
राइजोबियम,
एस. बी, के.एम.बि, सुडोमोनस,
माइकोराइजा
Use No Hooks
उत्पादक:
बहुउद्देश्यीय सहकारी संस्था लि.
द्वारा संचालित
रिब्दीकोट प्राङ्गारिक मल उद्योग
रिब्दीकोट-५, कुसुमखोला, पाल्पा
९८५७०६८८३२, ९८४७०६९४९५, ९८५७०६०९३६

# निशुल्क स्वास्थ्य बिमा कार्यक्रम





# जलेश्वर पर्यटन प्रवर्द्धन






# जलेश्वर पर्यटन प्रवर्द्धन





# कालिकागढी गुराँसेडाँडा पर्यटन प्रवर्द्धन





# ख्याहा सेल्फी डाँडा पर्यटन प्रवर्द्धन







# कोहल खेल मैदान निर्माण



# हार्थोक गाउँपालिका बाटो पिच



# नयाँपोखरा जेमरतुङ लुम्बास सडक



# एउटै मन एउटै रङ आफ्नै गोजीको धन



# डेढुघाट झोलुङ्गे पुल निर्माण






# साईकल यात्री सम्मान कार्यक्रम





# जलेश्वधाम शिवपुराण महायज्ञ-२०८२






# रक्तसंचार केन्द्र सँग सम्झौता

रिब्दीकोट गाउँपालिका, पाल्पाको बासिन्दालाई निःशुल्क रुपमा रगत उपलब्ध गराउने सम्बन्धमा भएको

## सम्भौता-पत्र

श्री रिब्दीकोट गाउँपालिका कार्यालय (यस पछि "रिब्दीकोट" भनिने ) र नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखा अन्तर्गतको रक्तसंचार सेवा केन्द्र, बुटवल भैरहवा (यस पछि "रक्तसंचार सेवा" भनिने) बीच रिब्दीकोट गाउँपालिका, पाल्पाका बासिन्दालाई निःशुल्क रगत/रक्ततत्व उपलब्ध गराउने सम्बन्धमा देहाय वमोजिम शर्त पालना गर्ने दुवैपक्षका प्रतिनिधिहरुबीच सहमती भई यस सम्भौता पत्रमा सही छाप गरी एक एक प्रति बुभिलियौ ।

**उद्देश्य :**

१. रिब्दीकोट गाउँपालिका, पाल्पाका बासिन्दालाई नि :शुल्क रगत उपलब्ध गराउने ।

२. रिब्दीकोट गाउँपालिकाबाट रक्तसंचार सेवा बुटवल/भैरहवाको लागि रिब्दीकोट गाउँपालिका भित्र रगत संकलन कार्यमा सहयोग गर्ने ।

**सहमतिका बुँदा तथा शर्तहरु :**

१. रिब्दीकोट गाउँपालिकाका बासिन्दालाई रक्तसंचार सेवा बुटवल/भैरहवाले निःशुल्क रगत उपलब्ध गराउने छ ।

२. रुपन्देही जिल्ला शाखाको रक्तसंचार सेवा बुटवल भैरहवाले तोकेको सेवा शुल्कमा प्रति युनिट रु.९५०/- (अक्षरुपी : नौ सय पचास रुपैयाँ मात्र) का दरले रक्तसञ्चार सेवा उपलब्ध गराइनेछ ।

३. रिब्दीकोट गाउँपालिकाले रुपन्देही जिल्लामा संचालित नेपाल रेडक्रस सोसाइटी रक्तसंचार सेवा केन्द्र बुटवल वा सिद्धार्थनगर, रुपन्देहीलाई अग्रिम रुपमा सेवा शुल्क वापतको रकम निकासा गरि दिनु पर्नेछ ।

४. रक्तसंचार सेवा बुटवल/भैरहवाले रक्तसंचार सेवाको खर्च विवरण सहितको प्रतिवेदन प्रत्येक महिनाको १५ गतेभित्र विल सहित रिब्दीको गाउपालिका समक्ष आइपुग्ने गरी पठाउनु पर्नेछ । अग्रिम रुपमा जम्मा भएको रकम २० प्रतिशत भन्दा कम भए पुनः अग्रिम भुक्तानीका लागि माग गरिनेछ ।

५. यसरी "रक्तसंचार सेवा बुटवल/भैरहवा"ले आर्थिक प्रतिवेदन पठाउँदा सेवा प्रदान गरिएको व्यक्तिको नामावली र उपलब्ध गराइएको रगत वा रक्ततत्वको किसिम तथा लागेको शुल्क सहित निम्न कागजातहरु संलग्न गर्नेछ ।

क) निःशुल्क रगतको सेवा लिनुपर्ने वा लिएका व्यक्ति रिब्दीकोट गाउँपालिकाको बासिन्दा भएको प्रमाणित हुने कुनै किसिमको कागजात (नागरिकता, राष्ट्रिय परिचय पत्र, मतदाता परिचय-पत्र, बसाईसराई, सवारी चालक अनुमति पत्र, राहदानी पत्र, विवाह दर्ता, जन्म दर्ता, आदि) को प्रतिलिपि बिरामीका आफन्तले रक्तसंचार सेवामा रगत वा रक्ततत्व लिन आउँदा पेश गर्नु पर्नेछ ।

ख) आपतकालिन अवस्थामा आकस्मीक रगत लिनु पर्ने भई सम्बन्धित व्यक्तिले अन्य कागजात पेश गर्न नसकेको अवस्थामा रगतको शुल्क नगद भुक्तानी गर्ने र पछि कागजात पेश गरेमा नगद फिर्ता गरिने छ । (४८ घण्टा)

ग) आपतकालिन अवस्थामा आकस्मीक रगत लिनु पर्ने भई सम्बन्धित व्यक्तिले अन्य कागजात पेश गर्न नसकेको र रगतको शुल्क नगद भुक्तानी गर्न नसक्ने अवस्थामा रक्तसंचार सेवाबाट तयार गरिएको फारममा सम्बन्धीत अध्यक्ष/वडा अध्यक्ष संग फोन वार्ता पछि प्रमाणित भएको जानकारी खुल्ने गरि अध्यक्ष/वडा

CS Scanned with CamScanner

अध्यक्ष को नाम र मोवाइल नम्बर उल्लेख गर्नु पर्नेछ । सो फारमको प्रतिलिपि समावेश गरि पठाउनु पर्नेछ ।

६. अस्पतालमा लगिएको रगत प्रयोग नभएमा गुणस्तर नबिगारी २४ घण्टा भित्र फिर्ता गर्न गराउन विरामीका आफन्तलाई उत्प्रेरित गराउने संयुक्त जिम्मेवारी हुनेछ । त्यस्तै, गाउँपालिका क्षेत्रभित्र रक्तदान उत्प्रेरणा कार्यक्रम आयोजना गर्न गराउन गाउँपालिकाले वार्षिक कार्यक्रमको योजना बनाई कार्यान्वयनमा प्राथमिकता दिनेछ ।

७. रिब्दीकोट गाउँपालिकाले पालो मिलाई कम्तीमा वर्षको २ वटा रक्त संकलन शिविर रक्तसंचार सेवाको प्राविधिक सहयोगमा आयोजना गर्नेछ ।

८. रिब्दीकोट गाउँपालिकाले रुपन्देही जिल्लामा सञ्चालित नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार सेवा केन्द्र बुटवल वा सिद्धार्थनगर रुपन्देहीलाई अग्रिम रुपमा सेवा शुल्क वापत रु. १,००,०००।- (अक्षरुपी : एक लाख रुपैयाँ) जम्मा गर्नु पर्ने छ ।

९.रिब्दीकोट गाउँपालिकाका कर्मचारीहरुलाई रगत आवश्यकता परेमा परिचयपत्रको आधारमा उपलब्ध गराईने छ ।

१०. आपसी सहमतीमा सम्भौताको अवधि र शर्त थपघट गर्न गराउन सकिने छ ।

११. प्रत्येक वर्ष कम्तीमा १ पटक दुवै पक्षको सहभागितामा समीक्षा बैठक आयोजना गरिने छ ।

१२. यो सम्भौताको अवधि २०८३ साल असार मसान्तसम्म हुनेछ ।

**रिब्दीकोट गा.पा. को तर्फबाट**

नाम : नारायण बहादुर कार्की
पद : अध्यक्ष
हस्ताक्षर :
मोबाइल नं.: ९८५७०६०३८३
कार्यालयको छाप :

**साक्षी**

१.नाम : मणि प्रसाद खनाल
पद : प्रमुख प्रशासकीय अधिकृत
हस्ताक्षर :
मोबाइल नं. : ९८५७०२८०२०

२. नाम : सुनिल अधिकारी
पद : स्वास्थ्य शाखा प्रमुख
हस्ताक्षर :
मोबाइल नं. ९८५७०६५७०१

**नेरेसो रक्तसंचार सेवा बुटवलको तर्फबाट**

नाम : रामचन्द्र उपाध्याय
पद : सभापति
हस्ताक्षर :
मोबाइल नं. : ९८५७०२४७२५
कार्यालयको छाप : नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखा सिद्धार्थनगर

नाम : टेक बहादुर थापा क्षेत्री
पद : मन्त्री
हस्ताक्षर :
मोबाइल : ९८५७०४५८५५

नाम : राधा ज्ञवाली
पद : ईन्चार्ज
हस्ताक्षर :
मोबाइल : ९८४७०२८६३३

इति सम्वत् २०८१ साल १२ महिना २६ गते रोज मंगलबार शुभम्

# गाउँपालिका कार्यालय र वडा कार्यालयहरु सिसिटिभीबाट निगरानी



# संवेदनशिल क्षेत्रहरुमा सिसिटिभीबाट निगरानी



# धन्यवाद!

